## शुभकामना



१० असाढ, २०७६

स्थानीय सरकारको चौथो नगरसभाबाट पारित बजेट तथा कार्यक्रमहरुको सम्बन्धित सबैमा जानकारीको लागि यो पुस्तिका प्रकाशित गरिएको छ ।

सर्वप्रथम हामी प्रथम, दोश्रो, तेश्रो नगर अधिवेसनले स्वीकृत गरेको मार्ग निर्देशन अनुसार विभिन्न विकास गतिविधिहरुको कार्यान्वयनमा आफ्नो श्रोतसाधन एवम् जनशक्तिलाई परिचालन गरी नगरवासीहरुमा अधिकतम् लाभ पुऱ्याउने अभियानमा लागि रहेका छौं । तर सिमित श्रोतसाधन एवम् सिमित जनशक्तिका कारण नगरवासीहरुको आंकाक्षा र हामीहरुले सोचेको जस्तो कामकाज गर्न चुनौतीपूर्ण रहेको अवस्था सबैलाई महशुस भएकै हुनु पर्दछ । यिनै विगतका समस्या र चुनौतीहरुलाई निराकरण गर्न हामीले यस चौथो नगरसभाको अधिवेशनबाट आवश्यक नीति तथा कार्यक्रम बनाई आगामी दिनहरुमा हामीहरुलाई कामकाज गर्न सहज हुनेछ । म सबै सदस्यहरुलाई नगरको विकास निर्माणमा दत्तचित्त भई जनतालाई भेदभाव नगरी जनताबाट प्राप्त आदेशको सम्मान गर्न सक्ने अवसर हामीलाई मिलोस् भन्ने शुभकामना व्यक्त पनि गर्न चाहन्छु ।

फास्टट्रयाक, दोश्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण र निजगढ नगरलाई स्मार्ट सिटीकोरुपमा विकास गर्न गुरुयोजना संचालन भई रहेको अवस्था हाम्रा लागि सुखद् भएता पनि गरिबी, अशिक्षा, बेरोजगारी हाम्रा लागि थप चुनौतीका रुपमा रहेका छन् । यसै गरिबी र बेरोजगारीलाई मध्यनजर गरेर हामीले सिपमूलक तालिमहरुलाई विशेष प्राथमिकता दिएका छौं र निजगढ वडा नं. ९ स्थित औद्योगिक ग्राम समेत स्थापना गरी साना उद्योगहरु भित्राएर केहि बेरोजगारी समस्या समाधान समेत गर्न लागि रहेका छौं । यि समस्याहरुको समाधान गर्न हामी एक आपसमा समझदारी, सहमती र सहकार्यका साथ अघि बढ्नु पर्छ भन्नेमा कसैको पनि दुईमत नहुन सक्छ ।

नगरका सम्पूर्ण समस्याहरुलाई एक आपसमा समझदारी सहकार्य सहमति र जिम्मेवारीका साथ एकजुट अगाडी बढ्न सम्पूर्ण सदस्यहरुमा विनम्रतापूर्वक हार्दिक अपिल गर्दछु । साथै यस नगरलाई नमूना नगरको रुपमा योजनाबद्ध ढंगबाट अघि बढाउन हामी सबैको योगदान रहने छ, भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु । अन्तमा चौथो नगरसभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगर सदस्यहरु ज्यूहरु, कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।